सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

**आदेश**

०७९-WO-१२६१(०७९-FN-०९५६)

मुद्दाः- उत्प्रेषणसमेत।

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा (नेपाल कम्युनिष्ट पार्टी) माओवादीले मिति २०५७/११/१६ मा अपहरण गरी यातना दिई गोली हानी हत्या गरिएका टिकाराज आरणको छोरा रामेछाप जिल्ला मन्थली नगरपालिका ९ निवासी वर्ष ४७ को जनआन्दोलन २०६२/०६३ को घाइते ज्ञानेन्द्रराजआरण.................................................................१

इलाम जिल्ला साविक इलाम नगरपालिका - २ निवासी पहल बहादुर गुरुङ्गको छोरा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा) माओवादीले सम्पत्ति क्षति, लुटपाट एवं घरजग्गा लगायत चिया बगान समेतको श्रीसम्पत्ति कब्जामा लिई मिति २०६१ / ०९ / २९ मा स-परिवार विस्थापित बनाइएका हाल परिवर्तित इलाम जिल्ला माई नगरपालिका - ३ निवासी वर्ष ८७ को पूर्व सभामुख कुल बहादुर गुरुङ्ग....१

निवेदक

बैतडी जिल्ला साविक खलंगा गा.वि.स. २ निवासी इन्द्रध्वज चन्दको छोरा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले २०५३ सालमै चल सम्प्रत्ति लुटपाट, क्षति र जायजेथा जग्गा जमिन घर (वर्दिया र कैलालीमा अवस्थित) समेत कब्जा गरी सर्वस्वहरणसहित विस्थापित बनाइएका पूर्व सांसद हाल परिवर्तित दशरथचन्द नगरपालिका-४ निवासी वर्ष ७१ का विनयध्वज चन्द.......................................................................१

ललितपुर जिल्ला ललितपुर म.न.पा. २२, बुङमती निवासी बाबुराम शाक्यको

छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन राज्य पक्षले मिति २०६०/०५/३१ गते पक्राउ गरी चरम मानसिक र शारीरिक यातना (भैरवनाथ गणमा) दिइएका अभीर शाक्य.............................................................१

काभ्रे जिल्ला मण्डनदेउपुर नगरपालिका १ निवासी विष्णु बहादुर तामाङको छोरा द्वन्द्वकालमा तत्कालीन राज्य पक्ष (शाही नेपाली सेना) ले २०६०/०३/१२ मा पक्राउ गरी १८ महिनासम्म मानसिक तथा शारीरिक यातना दिइएका पूर्व जनमुक्ति सेनाको सदस्य (माओवादी लडाकु) एवं राज्य पक्षबाट कुनै पनि राहत लिनबाट बञ्चित गरिएको न्यायका लागि द्वन्द्व पीडित समाजका संस्थापक सदस्य बब्लु लामा..............................................१

नुवाकोट जिल्ला लिखु गाउँपालिका ६ निवासी टिका बहादुर भण्डारीको छोरी द्वन्द्वकालमा तत्कालीन राज्य पक्षबाट मिति २०६०/०७/१२ मा पक्राउ गरी भैरवनाथ गणमा २७ महिनासम्म वेपत्ता पारिएको, शारीरिक तथा मानसिक यातनाबाट पीडित तारा भण्डारी...........................................१

काठमाडौं जिल्ला कीर्तिपुर न.पा. ६ टौदह निवासी हर्ष बहादुर महर्जनको छोरा द्वन्द्वकालमा तत्कालीन राज्य पक्ष (शाही नेपाली सेना) द्वारा मिति २०६०/०८/१० गते पक्राउ गरी बन्दी बनाई चरम यातना दिइएका देव बहादुर महर्जन.......................................................................१

रामेछाप जिल्ला मन्थली नगरपालिका ९ निवासी धन बहादुर गिरीको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष माओवादीले छोरो सुभाषलाई अपहरण, कुटपिट, लुटपाटको मारमा पारेको र पत्नि जानुकालाई मरणासन्न हुने गरी हातपात गरी जीउज्यानै अशक्त बनाइएको पीडित परिवारका मूल सदस्य वर्ष ८१ का कुल बहादुर गिरी............................................१

सशस्त्र द्वन्द्वमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले मिति २०५५/११/१५ राती ८:०० बजे अपहरण गरी चोखण्डे जँगलमा खुकुरी प्रहार गरी निर्मम हत्या गरिएका भीम प्रसाद तिमल्सेनाको छोरा काभ्रे जिल्ला वेथानचोक गाउपालिका-२ टप्पल ढुंखर्क बस्ने विष्णु प्रसाद तिमल्सेना........१

रामेछाप जिल्ला मन्थली नगरपालिका -९ निवासी कुल बहादुर गिरीको पत्नि एवं सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष माओवादी (तत्कालीन एरिया कमाण्डर अम्बिका दाहाल ("ललिता") ले सार्वजनिक स्थलमा लात्तैलात्तले हानी स्तनमा कुल्चीमिची गरी घाइते बनाइएकी र त्यसै यातनाबाट छाति खराब भै दम तथा मुटु रोग उत्पन्न भै औषधीको सहारामा बाँच्न विवश वर्ष ७९ कि जानुका गिरी........................................................................१

कालिकोट जिल्ला तिलागुफा नगरपालिका द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष माओवादीले मिति २०६० साल माघ महिनामा अपहरण गरी २ महिना सुराकीको आरोपमा कब्जामा लिई मानसिक यातनाबाट पीडित बन्न बाध्य वर्ष ३९ को लोकेन्द्र बहादुर शाही............................................................१

रामेछाप जिल्ला मन्थली न.पा. ९ निवासी कुल बहादुर गिरीको छोरा द्वन्द्वकालमा तत्कालीन राज्यपक्षले ०५९ सालमा गिरफ्तार गरी नजरबन्दमा राखेको तथा माओवादीले सुरक्षाकर्मीलाई सुराकी दिएको लगायतका आरोप लगाई ०५९ साल कार्त्तिक २० गते अपहरण गरी मानसिक तथा शारीरिक यातना दिई चल सम्पत्ति पनि लुटपाट गरी विस्थापित बनाइएका (कब्जामा राखिरहेको बेला भागेर ज्यान जोगाएका) सुभाष गिरी..............................१

बैतडी जिल्ला मेलौली न.पा.-३ तत्कालीन विद्रोही पक्ष माओवादीले २०५५ साल चैतमा अपहरण गरी ५ महिनासम्म कब्जामा लिइ दोहोरो भिडन्तमा भरुवा बन्दुक भिराई मानवढाल बनाई दाहिने हातमा गहिरो चोट लागी अशक्त बनाएको र कब्जाकै स्थितिमा पाटन चौकी लुट्ने क्रममा भारततीर भागी ज्यान जोगाएको पीडित गजेन्द्र बहादुर चन्द................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष माओवादीले अपहरण गरी कुटपिट गरेका ९ निवासी लिला बहादुर सोडारीको छोरा रामेछाप जिल्ला मन्थली नगरपालिका-९ निवासी लिला बहादुर सोडारीको छोरा माओवादीले अपहरण गरी कब्जामा लिई नूनचुक लगाई यातना दिएका र भागेर ज्यान जोगाएका प्रकाश सोडारी..........................................................................१

मुगु जिल्ला खत्याड गाउँपालिका ३ निवासी बिर्खबहादुर शाहीको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले अपहरण गरी यातना दिई खुट्टा भाँचि दिई २०५८ सालदेखि विस्थापित बनाएका वर्ष ५१ को खड्ग शाही............................................................................१

द्वन्द्वकालमा तत्कालीन राज्य पक्षले मिति २०५९/०७/०६ मा गिरफ्तार गरी हत्या गरिएका राजकुमार के.सी. को पत्नि रामेछाप जिल्ला मन्थली नगरपालिका निवासी वर्ष ६२ को शान्ति कुमारी कार्की........................१

सिन्धुली जिल्ला कमलामाई न.पा. ९ निवासी मान बहादुर खड्काको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबाट २०५८ सालमा विस्थापित बनाएको पीडित हरि बहादुर खड्का.........................१

दोलखा जिल्ला कालिञ्चोक गाउँपालिका २ निवासी बालानन्द खतिवडाको छोरा द्वन्द्वकालमा विद्रोही पक्ष माओवादीबाट २०५६ सालमा विस्थापित र मिति २०६०/०६/०४ मा सम्पत्ति लुटपाट र कब्जामा परी पीडित भएको बलरामखतिवडा..................................................................१

ओखलढुंगा जिल्ला लिखु गाउँपालिका - ३, नर्मदेश्वर निवासी मायाँनाथ वाग्लेको छोरा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष माओवादीले २०५८ सालमा छोराहरु कल्याण र रमेशलाई अपहरण तथा श्रीसम्पत्ति कब्जा र लुटपाट गरी विस्थापित बनाएका र आफू पनि विस्थापित भै पीडित बन्न बाध्य पारिएका वर्ष ८१ का छविरमण वाग्ले.....................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले गोली हानी सख्त घाइते बनाएका सावित्री प्रसाद तिमल्सेनाको पत्नि एवं द्वन्द्वकाल ( २०५८ साल ) मै विद्रोही पक्षले चल अचल सम्पत्ति लुटपाट, कब्जा गरी स-परिवार आन्तरिक रुपमा विस्थापित बनाइएकी यातना पीडित, शिक्षण पेशाबाट समेत वञ्चित गरिएकी भोजपुर जिल्ला रामप्रसाद राई गाउँपालिका-३ निवासी कमला राई तिमल्सेना..................................................................१

गोरखा जिल्ला साविक ताप्ले ८ निवासी मणिराम भट्टराईको छोरा

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्षले शारीरिक यातना दिई विस्थापित बनाइएका र सत्य निरुपण तथा मेलमिलाप आयोगमा उजुरी पनि दिएका (उजुरी दर्ता नं. ०४, मिति १ बस्ने वर्ष ८० का मेघनाथ भट्टराई............१

सुर्खेत जिल्ला निवासी टिकाराम पौडेलको छोरा द्वन्द्वकालमा तत्कालीन राज्यपक्षद्वारा मिति २०५८/०८/१३ मा पक्राउ गरी बन्दी बनाई चरम यातना दिएका र सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला बमोजिम नेपाल सरकारबाट अन्तरिम राहत रु. पाँच लाख प्राप्त गर्न नसकेको वर्ष ६७ को पूर्ण प्रसाद पौडेल...........................................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन राज्य पक्षद्वारा मिति २०५८/०९/२४ गते बिहान ९ बजे घरमै म लगायन नाबालक छोराछोरी सहितलाई यातना दिई यौनजन्य हिंसाको शिकार बनाई, चल सम्पत्ति लुटपाट गरी पीडित बनाइएकी हाल पनि औषधिमूलोकै भरमा बाँचिरहेकी पूर्ण प्रसाद पौडेलको पत्नि सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिका - ६ बस्ने खगिसरादेवी पौडेल...............१

अछाम जिल्ला रामारोशन गाउँपालिका ४ निवासी रंगनाथ उपाध्याय न्यौपानेका छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबाट मिति २०५६ सालमा विस्थापित बनाइएका नेपाल माओवादी पीडित संघका अध्यक्ष धर्मराज न्यौपाने........................................... १

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष माओवादीले २ पटक खुकुरी तथा गोली प्रहार गरी अंगभंग बनाइएका स्व. हरिप्रसाद गौतमका छोरा द्वन्द्वकालमै माओवादीले मिति २०५९/०१/२९ गते घरमै दाहिने तिघ्रामा हानेको गोली मलद्वारबाट निक्लिएको र त्रि.वि. शिक्षण अस्पतालमा उपचार गरी बाँच्न सफल भएका र विस्थापित पनि बनाइएका रामेछाप जिल्ला दोरम्बा सैलुङ गाउँपालिका शेर बहादुर गौतम....................................................१

दाङ जिल्ला लमही नगरपालिका १ निवासी टिकाराम रिजालको छोरा सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा मिति २०५८/०९/२६ मा गोली हानी हत्या गरिएका हरि रिजालको सहोदर दाजु

---

न्द्रराज आरण समेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत, उत्प्रेषण, -WO-१२६१,पृ. ५

केशव रिजाल........................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा खुकुरी प्रहार गरी मिति २०५३/११/१६ मा विभत्स हत्या गरिएका जगातीपुर गाविस. अध्यक्ष लक्ष्मी प्रसाद आचार्यको छोरा जाजरकोट जिल्ला भेरी नगरपालिका ११ निवासी वर्ष ४४ को आतंक पीडित टुहुरा समाज नेपालको पूर्व अध्यक्ष मुक्ति प्रसाद आचार्य........................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा सर्वस्वहरणसहित विस्थापित, यातना, अपहरण र फिरौती समेतको मारमा परी पीडित बनाइएका सम्मानित सर्वोच्च अदालतको मिति २०७१/११/१४ को फैसला कार्यान्वयनका लागि निवेदन दिएका र हाल पनि अचल सम्पत्ति माओवादीकै कब्जामा रहेका धनुषा जिल्ला छिरेश्वर नगरपालिका- ६ निवासी बालाप्रसाद गिरीको छोरा वर्ष ६५ का चिरञ्जीवीबास गिरी....................................१

सशस्त्र द्वन्द्वकालमा माओवादीद्वारा हत्या गरिएका सूर्य प्रसाद दुवाडीको छोरा गोरखा जिल्ला साविक हंसपुर - ५ हाल परिवर्तित अजीरकोट गाउपालिका ३ निवासी शम्भु दुवाडी........................................................................१

काठमाडौं जिल्ला नागार्जुन न.पा. -९ निवासी विलास न्यौपानेको छोरा द्वन्द्वकालमा तत्कालीन राज्य पक्ष (शाही नेपाली सेना) द्वारा मिति २०६०/०८/१ गते पक्राउ गरी बन्दी बनाई भैरवनाथ गणमा ९ महिना १८ दिन बेपत्ता बनाई चरम यातना दिइएका बर्ष ५२ का माधव न्यौपाने..१

सशस्त्र द्वन्द्वकालमा माओवादीद्वारा हत्या गरिएका नर बहादुर देवकोटाको छोरी गोरखा जिल्ला साविक सौरपानी ५ हाल परिवर्तित सिरानचोक गाउपालिका ४ निवासी निलम देवकोटा..............................................१

द्वन्द्वकालमा तत्कालिन विद्रोही माओवादीले बलपूर्वक अपहरण गरी कब्जामा लिई हत्या पश्चात शव नै गायब पारिएका दिलिप कुमार रोका क्षेत्री (घटनामिति ०५८/०९/१०) को धर्मपत्नी ओखलढुंगा जिल्ला खिजिदेम्बा गापा-५ निवासी वर्ष ४८ की जमुना रोका.........................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा हत्या गरिएका नेपाल माओवादी पीडित संघका अध्यक्ष गणेशदत्त चिलुवालको पत्नि बिरुवा गाउपालिका ६ निवासी हिरण्यलाल पाध्याको छोरी सावित्री शर्मा चिलुवाल..१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले कुटी कुटी हत्या गरेका नन्दलाल कोइरालाको पत्नि गोरखा जिल्ला सुलिकोट गाउपालिका निवासी जनक कुमारी कोइराला.......................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले हत्या गरेका श्रीधर भट्टराइको पत्नि तनहुँ जिल्ला भानु नगरपालिका - ११ निवासी राधिका भट्टराई..........................................................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले हत्या गरेका श्रीधर भट्टराइको छोरी तनहुँ जिल्ला भानु नगरपालिका -११ निवासी प्रशंशा भट्टराई..........................................................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले पतिको हत्या १० निवासी बलराम गरेका नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका तिवारीको छोरी हिराकुमारी तिवारी..................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका रामेछाप जिल्ला मन्थली नगरपालिका १२ निवासी भुवानसिं बुढाथोकीको छोरा वर्ष ६० का कल्याण बुढाथोकी...१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति, परिवारको सदस्यको हत्या गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका अछाम जिल्ला कमलबजार नगरपालिका ०५ निवासी लक्ष्मीकान्तको छोरा वर्ष ४८ का भोजराज तिमल्सैना...................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति, अपहरण गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका रामेछाप जिल्ला लिखुतामाकोशी गाउपालिका - १ निवासी छबिरमणको छोरा वर्ष ५३ का रमेश कुमार वाग्ले..........................................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले विस्थापित बनाएका गोरखा जिल्ला आरुघाट गा.पा.-८ निवासी भिमप्रसाद सापकोटाको छोरा वर्ष ३३ का विनोद सापकोटा........................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले कुटपिट गरी घाइते बनाई विस्थापित बनाएको रमेछाप जिल्ला मन्थली नगरपालिका-११ निवासी खड्ग बहादुर बुढाथोकीको पत्नी वर्ष ६० की पम्फा बुढाथोकी..............१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति लुटपाट क्षति र सम्पूर्ण जायजेथा घरजग्गा कब्जा गरी विस्थापित बनाएका रामेछाप जिल्ला मन्थली नगरपालिका - १२ निवासी भुवान सिंह बुढाथोकीको छोरा वर्ष ५२ को शिव कुमार बुढाथोकी........................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका रामेछाप जिल्ला मन्थली नगरपालिका १२ निवासी भुवानसिं बुढाथोकीको छोरा वर्ष ५५ का शंकरबहादुर बुढा....१

सशस्त्र द्वन्द्वकालमा माओवादीद्वारा भदा कमल स्वाँरको हत्या गरिएका, दाइलाई कुटपिट गरी बिस्थापित बनाइएकी चेतमान सिंहको छोरी ललितपुर जिल्ला ५ निवासी गिता कुमारी स्वाँर..............................................१

ललितपुर मनपा द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले सम्पत्ति क्षति गरी सर्वस्वहरण सहित विस्थापित बनाइएका काभ्रे जिल्ला बेथानचोक गाउपालिका ३ निवासी रुद्र प्रसादको छोरा वर्ष ५९ का प्रेम प्रसाद घिमिरे...........................................................................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा हत्या गरिएका पदम बहादुर हमालको छोरा गोरखा जिल्ला साविक छोप्राक सिरानचोक गाउपालिका - ४, निवासी वर्ष ४३ का दिपक हमाल...........................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा हत्या गरिएका गोरखा ५ हाल परिवर्तित सिरानचोक गाउपालिका जिल्ला साविक जौवारी निवासी प्रदिप गुरुङ्गको पत्नी वर्ष ३८ की निर्मला गुरुङ्ग.......................१

द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबाट हत्या गरिएका नर बहादुर देवकोटाको पत्नि गोरखा जिल्ला साविक जौवारी-५ हाल परिवर्तित सिरानचोक गाउपालिका ८ निवासी टिक बहादुर बजगाईको छोरी वर्ष ५० की होम कुमारी बजगाई (देवकोटा).......................................................१

सशस्त्र द्वन्द्वकालमा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीद्वारा क्रूर यातना दिई हत्या गरिएका र लाश नै वेपत्ता पारिएका उज्जनकुमार श्रेष्ठको पत्नि ओखलढुङ्गा जिल्ला साविक पोकली २ हाल परिवर्तित लिखु गाउपालिका-९ निवासी लक्ष्मी श्रेष्ठ.......................................................................१

सोलुखुम्बु जिल्ला सोताङ गाउपालिका -१ निवासी बल बहादुर गुरुङको छोरा सशस्त्र द्वन्द्वकालमा २०५७ सालदेखि तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले अपहरण, कुटपिट, चन्दा असूली गरेको तथा राज्य पक्षले माओवादीलाई चन्दा दिएको निहुँमा असुरक्षित बनाई गाउ छाडेको यसरी दुबैपक्षद्वारा दोहोरो मारमा पारिएका बिस्थापित द्वन्द्व पीडित शिक्षक प्रेम कुमार गुरुङ्गसमेत जना ४८ को वारेस भै आफ्नो हकमा समेत ९ निवासी टिकाराज आरणको छोरा रामेछाप जिल्ला मन्थली नगरपालिका ज्ञानेन्द्रराज आरण...................................................................................१

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं...................................................................................१

सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं...................................................................................१

मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं...................................................................................१ प्रत्यर्थी

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं..............................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं...............................१

नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार,

काठमाडौं.......................................................................................

संघीय संसद नेपाल, काठमाडौं....................................................................१

संघीय संसद सचिवालय, संसद भवन, सिंहदरबार, काठमाडौं.......................१

सम्माननीय सभामुख, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं...................................................................................................१

नेपालको संविधानको धारा ४६ तथा १३३(२),(३) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

## तथ्यगत ब्यहोरा

१. हामी रिट निवेदकहरु द्वन्द्वकालमा तत्कालीन द्वन्द्वरत पक्षबाट भएका मानव अधिकारको गम्भीर उल्लंघनबाट पीडित व्यक्ति हौं। हामीजस्ता धेरै द्वन्द्वकालीन पीडितहरूले अहिलेसम्म न्याय नपाएको र उजुरीको छानबिन समेत नभएको अवस्थामा आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं. ३४५ को अपव्याख्या गर्दै अयोग्य लडाकुलाई जनही रु.२-२ लाख त्यही शीर्षकबाट वितरण गर्न सरकार लागिरहेको छ। नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७९।१२।०६ मा द्वन्द्वकालका अयोग्य लडाकुलाई दुई लाख राहत उपलब्ध गराउने निर्णय भएको र सोही निर्णयको आधारमा गृह मन्त्रालयले सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ जारी गरेको छ। विगतमा पनि पटक-पटक अयोग्य लडाकुलाई दुई लाखका दरले रकम वितरण गर्ने निर्णय भएको भए तापनि सम्मानित सर्वोच्च अदालतको आदेशले सो निर्णय तथा जनही पूर्व लडाकुहरूलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६९ बदर भएको थियो। सक्कली पीडितले न्याय नपाएको अवस्थामा पीडक पक्ष त्यसमाथि पनि अयोग्य लडाकुहरूलाई राहत बाँड्नु राज्य कोषको दुरुपयोग गर्नु हो। अतः द्वन्द्वकालका अयोग्य लडाकुहरूलाई उपलब्ध गराउन लागेको जनही रु. दुई लाख राहत सम्बन्धी अर्थ मन्त्रालयको सहमति, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१२।०६ को निर्णय र सोही निर्णयको

आधारमा गृह मन्त्रालयले जारी गरेको सशस्त्र द्वन्द्वका अयोग्य लडाकुहरूलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ तथा तत्सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी पाऊँ। साथै, प्रचलित कानूनमा उल्लिखित प्रयोजन र अख्तियारीभन्दा बाहिर गई सरकारी कोषमा, राज्यको ढुकुटीमा व्ययभार हुने गरी द्वन्द्वकालका अयोग्य लडाकु लगायत अन्य जुनसुकै व्यक्ति वा संस्थालाई राहत दिने कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा परमादेश लगयतका उपयुक्त आदेश जारी गरी पाऊँ। साथै प्रस्तुत रिट निवेदनपत्रको अन्तिम टुङ्गो नलागेसम्म मिति २०७९।१२।०६ मा बसेको मन्त्रिपरिषदको बैठकको निर्णय "सशस्त्र द्वन्दका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७९" लगायतका काम कारवाही कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीगरयको नाममा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०८०।०१।२७ मा ज्ञानेन्द्रराज आरणसमेतले यस अदालतसमक्ष पेश गरेको रिट निवेदनपत्र ।

२. यसमा रिट निवेदनमा अन्तरिम आदेश माग भएको सम्बन्धमा संविधान र कानून विपरित राज्य कोषबाट खर्च गर्न लागिएको भन्ने प्रश्न उठाईएको देखिँदा दुबै पक्ष राखी छलफल गरी निर्णयमा पुग्नुपर्ने भएकाले सो प्रयोजनका लागि मिति २०८०।०२।०८ को पेशी तोकिदिएको छ । दुवै पक्षबाट छलफल भई अन्तरिम आदेश जारी गर्ने नगर्ने सम्बन्धमा निर्णयमा नपुगे सम्मका लागि मिति २०७९।१२।०६ मा बसेको मन्त्रिपरिषदको बैठकको निर्णयको प्रकरण नं. ६ मा गृह मन्त्रालय अन्तर्गतको "प्रमाणिकरण भएका द्वन्दकालका अयोग्य लडाकुहरुलाई कार्यविधि बनाई राहत उपलब्ध गराउने" निर्णय र सो बमोजिम गृह मन्त्रालयले जारी गरेको "सशस्त्र द्वन्दका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७९" कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितीमा राखु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको छ। यो आदेशको जानकारी

विपक्षीहरुलाई दिई नियमानुसार गर्नू भन्ने व्यहोराको मिति २०८०।०२।०२ को आदेश।

३. प्रस्तुत रिट निवेदनमा विपक्षी निवेदकले दावी लिनु भएको विषयमा संघीय संसद तथा संघीय संसद सचिवालयलाई प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण खुलाउन नसकेको हुँदा रिट निवेदन प्रथम दृष्टिमा नै खारेजभागी छ। जहाँसम्म प्रचलित कानुन बिपरित विपक्षीहरुद्वारा द्वन्द्वकालका अयोग्य लडाकुहरुलाई उपलब्ध गराउन लागेको जनही रु.२ लाख राहत सम्बन्धी अर्थ मन्त्रालयको सहमति, नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९ साल चैत ०६ गतेको निर्णय र सोही निर्णयको आधारमा गृह मन्त्रालयले जारी गरेको सशस्त्र द्वन्द्वका अयोग्य लडाकुहरुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ एवम् तत्सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारवाहीहरु उत्प्रेषणको आदेशले बदर गरी पाउँ भनी जिकिर लिनु भएको छ, तत्सम्बन्धमा लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा राज्यका तीनवटै अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्य संविधानद्वारा नै निर्दिष्ट गरिएको हुन्छ । नेपालको संविधानले पनि सोही तथ्यलाई आत्मसात गरी संविधान मै राज्यका प्रमुख तीन अंगको छुट्टा छुट्टै भूमिका निर्धारण गरेको छ। विपक्षी रिट निवेदकले रिट निवेदनमा उठाउनु भएको विषय नितान्त कार्यपालिकाको अधिकार क्षेत्रभित्रको विषय भएको र सो विषयमा संघीय संसद तथा संघीय संसद सचिवालय समेतलाई विपक्षी बनाउनु पर्ने आधार र कारण समेत नरहेकोले रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०२।१२ को संघीय संसद तथा संघीय संसद सचिवालयसमेतको लिखित जवाफ।

४. लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा राज्यका तीनवट्टै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले गर्ने कार्य संविधानद्वारा नै निर्दिष्ट गरिएको हुन्छ । नेपालको संविधानले पनि सोही तथ्यलाई आत्मसात गरी संविधानमै राज्यका प्रमुख तीन अंगको छुट्टा छुट्टै भूमिका निर्धारण गरेको छ । विपक्षी रिट निवेदकले रिट निवेदनमा उठाउनु भएको विषय सभामुख तथा संघीय संसदबाट नभै कार्यपालिकाबाट भएको हुनाले सो विषयमा सभामुखलाई विपक्षी बनाउनु पर्ने

आधार र कारण नरहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०२।१२ को प्रतिनिधि सभाको लिखित जवाफ।

५. चालु आ.व. २०७९/८० को बजेट वक्तव्यको बुंदा नं. ३४५ मा शान्ति प्रक्रियाका बाँकी काम टुङ्गोमा पुर्याउन भनी बजेटको विनियोजन समेत भएको सन्दर्भमा निवेदक बहिर्गमित जनमुक्ति सेना, नेपालले मन्त्रालय समक्ष पेश गरेको निवेदनका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद समक्ष प्रस्ताव पेश गर्दा नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७९/१२/०६ मा युनाईटेड नेशन्स मिसन इन नेपाल (UNMIN) को प्रतिवेदनमा नाम तथा विवरण समावेश भएका र नागरिकता अनुसार प्रमाणीकरण हुन अयोग्य लडाकुलाई प्रति लडाकु दुई लाख रुपैयाका दरले रकम उपलब्ध गराउने र यसका लागि गृह मन्त्रालयले कार्यविधि तयार गरी अयोग्य लडाकुको प्रमाणीकरण र भुक्तानी गर्ने प्रक्रिया लगायतका विषयमा स्पष्ट व्यवस्था गर्ने भनी निर्णय भएकोले सो निर्णयलाई कार्यान्वयन गर्न यस मन्त्रालयबाट "सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" मिति २०७९/१२/१३ मा स्वीकृत गरिएको हुँदा नेपाल सरकार मन्त्रिपरिषदबाट भएको उपरोक्त निर्णय र सो अनुसार स्वीकृत भएको प्रस्तुत कार्यविधि कानूनसम्मत नै भएको हुँदा रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०२।१६ को नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

६. विपक्षी निवेदकहरूले द्वन्द्वकालीन पीडितहरूलाई न्याय दिलाउन अग्रसर नभएको र अयोग्य लडाकुको हकमा भने राहत दिलाउने निर्णय गरेको भनी जिकिर लिनुभएको छ । यस सम्बन्धमा द्वन्द्वको क्रममा घाइते तथा पीडित भएका व्यक्ति तथा लोकतन्त्रका योद्धामध्ये कसैलाई विभेद गरी सेवा सुविधा दिने र कसैलाई नदिने गरी नेपाल सरकारबाट संविधान विपरीतको कार्य गर्नुपर्ने र हुन सक्ने अवस्था देखिँदैन। नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७३।११।२५ मा नेपाल सरकारबाट गठित कार्यदलको प्रतिवेदनमा समावेश भएका सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका र बेपत्ता पारिएका सबै व्यक्तिका नजिकका हकदारलाई हालसम्म पाइआएको रकम समेत गणना गरी रु. १० लाखसम्म

पुग्ने गरी आर्थिक सहायता उपलब्ध गराउने कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका सशस्त्र द्वन्द्वको क्रममा घाइते भई उपचाररत व्यक्तिहरूलाई नियमित औषधी उपचार गर्नुपर्नेहरूको हकमा औषधी उपचार बापत मेडिकल बोर्डको सिफारिस बमोजिम बढीमा रु. १ लाखसम्म सोधभर्ना दिने, कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका सशस्त्र द्वन्द्वमा विस्थापित व्यक्ति तथा परिवारलाई स्वीकृत निर्देशिका बमोजिम दोहोरो नपर्ने गरी बढीमा रु. २५,०००/- सम्म राहत उपलब्ध गराउने र कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका सशस्त्र द्वन्द्वमा सम्पत्ति क्षति/सम्पत्ति कब्जा भई अपहरणमा परी आर्थिक-सहायता तथा राहत प्राप्त गर्न बाँकी द्वन्द्व प्रभावितहरूलाई कार्यविधिको मापदण्ड र प्रक्रिया बमोजिम राहत तथा आर्थिक सहायता उपलब्ध गराउने भनी निर्णय भएको अवस्था छ। यसका साथै नेपालको संविधानको धारा ४२ को उपधारा (५) बमोजिम द्वन्द्वपीडित र विस्थापितलाई न्याय तथा सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकताका साथ अवसर पाउने भनी द्वन्द्वपीडित र विस्थापितलाई सामाजिक न्यायको हकको सुनिश्चित गरिएको छ । हाल नेपाल सरकारले द्वन्द्वका अयोग्य लडाकुहरूको हकमा राहत उपलब्ध गराउने भनी मिति २०७९।१२।०६ मा निर्णय भएको हो। राज्यले अभिभावकको हैसियतले द्वन्द्वका कारण दुवै पक्षलाई भएको हानिलाई मध्यनजर गरी राहत उपलब्ध गराउन निर्णय गरेको विषयलाई विपक्षीहरूले अन्यथा भन्न मिल्ने होइन ।

द्वन्द्वकालका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धमा आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नं. १९ मा द्वन्द्वकालका अयोग्य लडाकुहरू समेतलाई रु.२ (दुई) लाख उपलब्ध गराउन बजेटको व्यवस्था गर्ने उल्लेख भएको र विनियोजन ऐन, २०७३ को प्रस्तावनामा आर्थिक वर्ष २०७३/७४ को सेवा र कार्यहरूको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न व्यवस्थापिका संसदले ऐन बनाएको भनी उल्लेख भएकोले ऐनको अख्तियारी अन्तर्गत रकम विनियोजन भएको हुँदा लडाकुहरूलाई जनही दुई लाख रुपैयाँ दिने गरी भएको व्यवस्था

संविधान तथा कानून विपरीत नदेखिएकोले रिट खारेज हुने भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।११।०१ मा मुद्दा नं. ०७३-WO-०११२ मा फैसला भएको छ । यसै अनुरुप आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुंदा नं. ३४५ मा शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गरिने, संक्रमणकालीन न्यायका अवयवहरू सत्य अन्वेषण, न्याय र परिपूरणका लागि एक अर्ब चालिस करोड रुपैयाँ विनियोजन गरिएको र लोकतन्त्र प्राप्तिका लागि विभिन्न राजनीतिक आन्दोलन र जनयुद्धमा सहभागी भई महत्वपूर्ण योगदान गर्ने योद्धाहरूलाई लोकतान्त्रिक सेनानीका रूपमा सम्मान गरिने भनी उल्लेख गरिएको छ । अतः आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको बुंदा नं. १९, सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं. ०७३-WO-०११२ मा भएको फैसला, चालू आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुंदा नं. ३४५ मा शान्ति प्रक्रियाका बाँकी काम टुंगोमा पुर्‍याउने भनी एक अर्ब चालिस करोड रुपैयाँ बजेट विनियोजन भएको अवस्था तथा अर्थ मन्त्रालयबाट पहिचान भएका अयोग्य लडाकुको संख्याको आधारमा क्रमशः रकम उपलब्ध गराउने भनी सहमति समेत प्राप्त भएकोले नेपाल सरकारबाट मिति २०७९।१२।०६ मा युनाइटेड नेशनन्स मिसन इन नेपाल (UNMIN) को प्रतिवेदनमा नाम तथा विवरण समावेश भएका र नागरिकता अनुसार प्रमाणीकरण हुने अयोग्य लडाकुलाई प्रति लडाकु दुई लाख रुपैयाँका दरले रकम उपलब्ध गराउने, सो बमोजिमका अयोग्य लडाकुको पहिचान, प्रमाणीकरण र भुक्तानी गर्ने प्रक्रिया लगायतको सम्बन्धमा गृह मन्त्रालयले कार्यविधि तयार गरी व्यवस्था गर्ने र पहिचान भएका अयोग्य लडाकुको संख्याको आधारमा अर्थ मन्त्रालयले गृह मन्त्रालयको नाममा क्रमशः बजेट निकासा दिने भनी भएको निर्णय कानूनसम्मत रहेको देखिन्छ ।

७. विपक्षी निवेदकहरुले सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ समेत बदर गरी पाऊँ भनी अर्को जिकिर लिनुभएको छ । यस सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१२।०६ को निर्णय बमोजिम गृह मन्त्रालयले सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ जारी गरेको देखिन्छ । साथै, नेपाल

सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ को बुँदा नं. ८ को क्र. सं. ३५ अन्तर्गत आर्थिक सहायता सम्बन्धी कार्य गर्ने जिम्मेवारी गृह मन्त्रालयलाई रहेको छ। सो व्यवस्थाबमोजिम गृह मन्त्रालयले द्वन्द्वकालका अयोग्य लडाकुलाई रकम उपलब्ध गराउने सम्बन्धी कार्य गर्न सक्ने हुँदा गृह मन्त्रालयले जारी गरेको सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ कानूनसम्मत नै रहेकोले विपक्षीहरूको जिकिरको औचित्य देखिँदैन।रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने एकै मिलानको मिति २०८०।०२।१४ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको लिखित जवाफ।

८. यसमा यस मन्त्रालयको कुनै पनि काम कारबाही र निर्णयबाट निवेदकहरुको संवैधानिक तथा कानूनी हक अधिकारको हनन नभएको नगरिएकोले निवेदन दाबी तर्कसङ्गत र औचित्यपूर्ण नहुँदा प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमा (Prima Facie) नै खारेजभागी छ। जँहासम्म रिट निवेदकहरुले लिएको जिकिर छ सो सम्बन्धमा हेर्दा गृह मन्त्रालयको च.नं. १०४ मिति २०७९/०६/११ को पत्रबाट द्वन्द्वकालका अयोग्य लडाकुहरु र स्वेच्छिक अवकाशमा गएका लडाकुहरुमध्ये राहत लिन बाँकीलाई राहत दिने प्रयोजनका लागि सहमति माग भई आएको विपय निर्णयार्थ पेश हुँदा चालु आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्यमा उल्लेखित कार्यक्रमको कार्यान्वयन सम्मानित सर्वोच्च अदालतको फैसला समेत भएको सन्दर्भमा प्रचलित नेपाल कानून बमोजिम आवश्यक कारबाही अघि बढाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न यस मन्त्रालयको प.सं.-३१४-११-३(ग), २०७९/८०, च.नं. १९७, मिति २०७९/०६/२५ को पत्रबाट सहमति प्रदान गरिएको थियो । यसैगरी सोही मन्त्रालयको च.नं. ११८, मिति २०७९/०८/०७ को पत्रबाट द्वन्द्वकालका अयोग्य लडाकुहरु र स्वेच्छिक अवकाशमा गएका लडाकुहरुमध्ये राहत लिन बाँकीलाई राहत दिने प्रयोजनका लागि आर्थिक वर्ष २०७३/०७४ बजेट बक्तव्यमा व्यवस्था गरेकोमा तत् पश्चातका बजेट वक्तव्य र अन्य प्रचलित कानूनले सो विषय समेटेको नदेखिएकोले द्विविधा हुन गई सो विषयमा स्पष्ट खुलाई पठाइदिनुहुन भनी अनुरोध

भई आएको विषय निर्णयार्थ पेश हुँदा प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. १९७ मिति २०७९/०६/२५ को पत्रमा उल्लेख भए बमोजिम सहमति प्रदान गरिसकिएको उक्त गृह मन्त्रालयबाट उठाइएको विषय सोही गृह मन्त्रालयकै कार्यक्षेत्र भित्र परेकाले यस विषयको निराकरण गृह मन्त्रालयबाटै हुन उपयुक्त हुने भनी यस मन्त्रालयबाट प.सं. ३१४- ११-३(ग), २०७९/८०, च.नं. २७४, मिति २०७९/०८/१३ मा पत्र पठाइएको अवस्थासम्म हो। तसर्थ, गृह मन्त्रालयबाट सहमति माग भई आएको र उक्त मन्त्रालयलाई नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न सहमतिसम्म प्रदान गरिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०२।१८ को नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।

९. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।१२।०६ को निर्णयले द्वन्द्वकालका अयोग्य लडाकुहरूलाई राहत स्वरुप जनही रु.२ लाख उपलब्ध गराउने गरी भएको भनिएको निर्णयको सम्बन्धमा यस मन्त्रालयलाई विपक्षी कायम गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन। साथै गृह मन्त्रालयले जारी गरेको भनिएको सशस्त्र द्वन्द्वका अयोग्य लडाकुहरूलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ को सम्बन्धमा सम्बन्धित मन्त्रालयको लिखित जवाफबाट प्रष्ट हुने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०८०।०२।२८ को कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

१०. यसमा महान्यायाधिवक्ताको कार्यालयलाई आजको पेशिको सूचना दिएको देखिएन। प्रत्यर्थीहरुको तर्फबाट सबैको लिखित जवाफ परिसकेको अवस्था हुदा अब पुर्ण सुनुवाईका लागि महान्यायाधिवक्ताको कार्यालयलाई समयमै पेशिको सूचना दिई तथा प्रस्तुत रिट निवेदनको प्रकृतिबाट छिटोछरितो रुपमा सुनुवाई हुनु मनासिव देखिएको हुदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी अरु नियमानुसार गरी पेश गर्नू भन्ने व्यहोराको मिति २०८०।०४।१५ को आदेश।

## यस अदालतको आदेशः

११. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

१२. निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु डा.श्री सुरेन्द्र भण्डारी, श्री दिनेश त्रिपाठी, श्री हरिहर दाहाल, श्री ध्रुवलाल श्रेष्ठ र श्री विष्णु लुइटेल तथा विद्वान अधिवक्ताहरु श्री ज्ञानेन्द्रराज आरण, श्री त्रिलोक बहादुर चन्द, श्री विष्णु भक्त भट्टराई, डा.श्री शिव कुमार यादव, श्री तुलसीराम पोखरेल, श्री आशिष लुइटेल, श्री चिरञ्जिवी नेपाल, श्री सुशिला कुमारी रोकाया तथा प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान महान्यायाधिवक्ता डा.श्री दिनमणी पोखरेल र सहन्यायाधिवक्ता श्री गोविन्द खनालले गर्नु भएको बहस बुँदाहरु देहाय बमोजिम रहेका छन।

| **निवेदक ज्ञानेन्द्रराज आरणसमेतको तर्फबाट प्रस्तुत भएको बहसः** | **प्रत्यर्थी तर्फबाट प्रस्तुत भएको बहसः** |
|---|---|
| १. आर्थिक वर्ष ०७९/८० को बजेट वक्तव्यको बुँदा नं. ३४५ द्वन्द्व पीडित पक्षसँग परिलक्षित छ।<br>२.अयोग्य लडाकूहरु द्वन्द्वकालका पीडितपक्ष नभई पीडक पक्ष हुन्।<br>३.बजेटमा अयोग्य लडाकुलाई राहत दिने विषय कहि कतै उल्लेख भएको छैन।<br>४. बजेटको अपव्याख्या गर्दै अयोग्य लडाकुलाई जनही रु.२ लाख दिने गरी भएको निर्णय नेपालको संविधान र बजेटको मर्म र भावना विपरित छ। | १. आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नम्बर ३४५ अनुसार शान्ति प्रक्रियाका बाँकी कामहरू टुंग्याउन एक अर्ब चालिस करोड रुपैयाँ बजेट विनियोजन भएकोले सोही शिर्षकबाट UNMIN बाट प्रमाणीकरण भएका अयोग्य लडाकुका लागि रकम दिने निर्णय तथा सो सम्बन्धी कार्यविधि बनाइएको संविधान र कानून सम्मत छ।<br>२.यसै विषयसङ्ग सम्बन्धित अयोग्य लडाकुलाई राहत दिने सरकारको निर्णय बदर गर्न यस अघि परेको रिट |

| | |
|---|---|
| ५Minor (उमेर नपुगेका लडाकु) लाई समेत लडाकु भनी राहत प्रदान गर्नु संक्रमणकालीन न्यायको सिद्धान्त विपरित हुन जान्छ।<br>६.अतः द्वन्द्वकालका असली पीडित पक्ष निवेदकहरुको हकमा उचित व्यवस्था नगरी संघीय-संसदसमक्ष प्रस्तुत गरिएको आ.व.२०७९।०८० को बजेटको गलत व्याख्या गर्दै अयोग्य लडाकुलाई राहतस्वरुप जनही दुई लाख रुपैयाँ दिने गरी नेपाल सरकारबाट भएको निर्णय संविधान तथा संक्रमणकालीन न्याय सम्बन्धी मान्यता विपरित भएकाले नेपाल सरकारको उक्त निर्णय तथा सो सम्बन्धी कार्यविधी समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ। | निवेदन यस अदालतबाट खारेज भै विवादको निरुपण भै सकेको विषयमा पुनः रिट निवेदन दायर भएको छ।<br>३. राज्यद्वारा द्वन्द्वकालमा अयोग्य लडाकुहरुलाई राहत उपलब्ध गराउँदा निवेदक पक्षलाई असमान व्यवहार भएको वा निवेदकहरुको कुनै मौलिक तथा कानूनी हकमा असर पुगेको अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाऊँ। |

१३. यसमा, हामी रिट निवेदकहरु एवम् हामी जस्ता धेरै द्वन्द्वकालीन पीडितहरूले अहिलेसम्म न्याय नपाएको र उजुरीको छानबिन समेत नभएको अवस्थामा आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं. ३४५ को अपव्याख्या गरी द्वन्द्वकालका अयोग्य लडाकुहरूलाई उपलब्ध गराउन लागेको जनही रु. दुई लाख राहत सम्बन्धी अर्थ मन्त्रालयको सहमति, नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१२।०६ को निर्णय र सोही निर्णयको आधारमा गृह मन्त्रालयले जारी गरेको "सशस्त्र द्वन्द्वका अयोग्य लडाकुहरूलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" तथा तत्सम्बन्धमा भए गरेका सम्पूर्ण काम

कारबाहीहरू संविधान एवम् कानून विपरित भएकाले उत्प्रेषणको आदेशले बदर गरी अयोग्य लडाकु द्वन्द्वकालका पीडक पक्ष भएकाले निजहरुलाई कुनै राहत उपलब्ध नगराउनु भनी विपक्षीहरुको नाममा उपयुक्त आदेशसमेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदकहरुको निवेदन जिकिर रहेको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं. ३४५ मा शान्ति प्रक्रियाका बाँकी काम टुंगोमा पुऱ्याउने भनी एक अर्ब चालिस करोड रुपैयाँ बजेट विनियोजन भएको अवस्था तथा अर्थ मन्त्रालयबाट पहिचान भएका अयोग्य लडाकुको संख्याको आधारमा क्रमशः रकम उपलब्ध गराउने भनी सहमति समेत प्राप्त भएकोले नेपाल सरकारबाट मिति २०७९।१२।०६ मा युनाइटेड नेशनन्स मिसन इन नेपाल (UNMIN) को प्रतिवेदनमा नाम तथा विवरण समावेश भएका र नागरिकता अनुसार प्रमाणीकरण हुने अयोग्य लडाकुलाई प्रति लडाकु दुई लाख रुपैयाँका दरले रकम उपलब्ध गराउने, सो बमोजिमका अयोग्य लडाकुको पहिचान, प्रमाणीकरण र भुक्तानी गर्ने प्रक्रिया लगायतको सम्बन्धमा गृह मन्त्रालयले कार्यविधि तयार गरी व्यवस्था गर्ने र पहिचान भएका अयोग्य लडाकुको संख्याको आधारमा अर्थ मन्त्रालयले गृह मन्त्रालयको नाममा क्रमशः बजेट निकासा दिने भनी भएको निर्णय कानूनसम्मत रहेको र अयोग्य लडाकुहरुलाई राहत उपलब्ध गराउने कार्यबाट निवेदकहरुको कुनै मौलिक हक र कानूनी हकमा असर पुगेको अवस्था समेत नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको विपक्षीहरुको लिखित जवाफ रहेको पाईयो।

१४. उपरोक्तानुसारको निवेदन तथा लिखित जवाफ भएको प्रस्तुत निवेदनमा निवेदक तथा लिखित जवाफ प्रस्तुतकर्ता समेतको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको विद्वतापूर्ण बहस जिकिर समेतलाई मनन गरी निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१५. अब निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने प्रश्नको विवेचना गर्नु पूर्व संक्रमणकालीन न्यायको अवधारणा र यसले समेटेका विषयवस्तुको बारेमा संक्षिप्त चर्चा गर्नु उपयुक्त हुने देखियो। संक्रमणकालीन न्याय

प्रकृया सशस्त्र द्वन्द्व, सैनिक शासन वा अन्य कुनै तानाशाही शासन व्यवस्थाबाट शान्ति र लोकतान्त्रिक प्रक्रियातर्फ उन्मुख भएका समाजमा विगतमा भएका मानवअधिकार उल्लंघनलाई सम्बोधन गर्न अपनाइने न्यायिक र शान्ति प्रकृयाको संयोजन विधि हो। शान्ति प्रकृयाको निरन्तरता र न्यायको सुनिश्चितता संक्रमणकालीन न्यायको मुख्य ध्येय हुन्छ। यस प्रकृयामा सामान्यतः विगतमा घटित मानव अधिकार उल्लंघनका गम्भीर प्रकृतिको घटनाको सत्यतथ्य छानबीन गरी न्यायिक प्रकृयामार्फत दोषीलाई जिम्मेवार बनाउने, यस्ता घटनाको पुनरावृति हुन नदिने सुनिश्चित दिलाउने, पीडितलाई परिपुरण (reparation ) को उचित व्यवस्था गर्ने र समाजमा शान्ति र न्यायको प्रत्याभूत हुने गरी संक्रमणकालीन न्याय सम्बन्धी संरचना तयार गरिएको हुन्छ। यस अदालतले *निवेदक लिलाधर भण्डारी विरुद्ध प्रधानमन्त्री तथ मन्त्रीपरिषदको कार्यालयसमेत*[1] भएको रिट निवेदनमा संक्रमणकालिन न्यायको उद्धेश्यका सम्बन्धमा देहाय बमोजिम व्याख्या गरेको प्रसङ्ग उल्लेख गर्नु सान्दर्भिक देखिन आयो।

**"संक्रमणकालीन न्यायमा द्वन्द्वकालका घटनाहरुको समग्रतामा मूल्यांकन गरी रणनीतिक उपचार गर्ने दृष्टिकोण लिईन्छ, त्यसैले अपराध अनुसन्धान र अभियोजन, सत्य अन्वेषण (Truth Seeking), क्षतिपूर्ति (reparation), संस्थागत सुधार (Institutional reforms), परीक्षण (vetting) लगायतका विविध पक्षहरुमा चरणवद्ध विचार गर्नुपर्ने । द्वन्द्वकालमा भइरहेका मानवीय कानून विरुद्धका वा मानव अधिकार उल्लंघनका गम्भिर कसूरहरु रोक्ने, ती कसूरहरु दोहोरिन नदिने, पीडितमा सुरक्षा र आत्मसम्मानको भाव उद्‌वोधन गराउने, घटनावलीको यथार्थ अभिलेख राख्ने, राष्ट्रिय मेलमिलापको वातावरण बनाउने र कानूनी राज्यको पुर्नस्थापना गर्ने, अन्ततः शान्ति बहालीको मार्गमा योगदान पुऱ्याउने नै संक्रमणकालीन न्यायका मुख्य अभिष्टहरु हुने।"**

१६. नेपालमा विगतमा एक दशकसम्म (२०५२-२०६३) चलेको सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरणका लागि नेपाल सरकार (७ दल) र द्वन्द्वरत पक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) वीच वि.सं.२०६३ सालको मंसिर ५ गते विस्तृत

---

[1] लिलाधर भण्डारी विरुद्ध विरुद्ध प्रधानमन्त्री तथ मन्त्रीपरिषदको कार्यालयसमेत, ने.का.प. २०६५, अंक-,९, नि.नं. ८०१२.

शान्ति सम्झौतामा हस्ताक्षर भएको र सोही सम्झौतामा आधारित भै मिति २०६३।१०।०१ मा नेपालको अन्तरिम संविधान,२०६३ जारी भएको थियो। उक्त संविधानको अनुसूचीमा विस्तृत शान्ति सम्झौतालाई समेत राखेको देखिंदा सो सम्झौतालाई संविधानको अभिन्न भागको रुपमा स्वीकार गरेको देखिन आउँछ। साथै नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीतिहरु अन्तर्गत धारा ३३ को खण्ड (द) मा विस्थापितहरूको पुनर्स्थापिना, नष्ट भएका सम्पत्तिहरूको मुआब्जा, र ध्वस्त संरचनाहरूको पुनर्निर्माणका लागि विशेष कार्यक्रमहरूको व्यवस्था गर्ने तथा ऐ खण्ड (ध) मा सशस्त्र द्वन्द्वको अवधिमा मानवअधिकारको गम्भीर उल्लंघन र मानवताविरुद्धका अपराधहरूको सत्यतथ्य पत्ता लगाउन र समाजमा मेलमिलापको वातावरण सिर्जना गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने लगायतका कार्यलाई राज्यको दायित्वको रुपमा स्वीकार गरेको देखिन्छ। सो बाहेक उक्त सम्झौता नै संविधानको अभिन्न भागका रुपमा रहेको र सो सम्झौतामा द्वन्द्व व्यवस्थापन, आर्थिक, सामाजिक रुपान्तरण र न्याय एवम् मानव अधिकार सम्बन्धी कानूनको परिपालना लगायतका विषय समाहित भएको देखिंदा सो संविधानले संक्रमणकालीन न्यायको आधारभूत सिद्धान्तहरूलाई संस्थागत गर्न प्रयास गरेको देखिन्छ।

१७. यसैगरी हाल प्रचलनमा रहेको नेपालको संविधानको धारा ३०४ को उपधारा (२) मा "नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी कार्यहरु यसै संविधान बमोजिम भए गरेको मानिनेछ" भनी उल्लेख भएको सन्दर्भमा अन्तरिम संविधान अन्तर्गत भए गरेका शान्ति प्रक्रियासँग सम्बन्धित काम कारवाहीलाई यसै संविधान बमोजिम भए गरेको मानिनुपर्ने हुन्छ।

१८. यस अतिरिक्त नेपालको संविधानको प्रस्तावनामा नै राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै भन्ने प्रावधान रहेको

र ऐ. धारा ४२ को उपधारा (५) मा नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भनी ज्यान गुमाएका सशस्त्र द्वन्द्वका क्रममा वेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाइते, विस्थापित लगायत द्वन्द्व पीडित सबै पक्षलाई न्याय सम्मान र अन्य सामाजिक सुरक्षा पाउने अधिकारलाई मौलिक हक अन्तर्गत सामाजिक न्यायको हकमा समावेश गरेको देखिंदा संविधानले द्वन्द्वपीडित सबै पक्षलाई न्यायको सुनिश्चितता गराउने प्रत्याभूत गरेको देखिन आउँछ। तदनुरुप द्वन्द्व पीडित सबै पक्षको न्याय र हकहित अधिकारको संरक्षण सुनिश्चित गर्नु राज्यको जिम्मेवारी देखिन्छ।

१९. उल्लिखित संवैधानिक दायित्व पूरा गर्ने क्रममा राज्यले समय समयमा विभिन्न ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु बनाई लागू गरेको अवस्था छ। सोही क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन तथा सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा वेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५, मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६८, नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ आदि कानूनी तथा नीतिगत दस्तावेजहरु जारी गरी संक्रमणकालीन न्याय प्रकृयालाई कार्यान्वयन गराउने प्रयास गरेकोसमेत देखिन्छ। यस अदालतले पनि विभिन्न मुद्दाहरुमा[2] द्वन्द्व पीडित वा प्रभावितहरुको न्याय सम्वन्धी विषयमा व्याख्या गरी संक्रमणकालीन न्याय सम्बन्धी विधिशास्त्रको विकासमा दिशानिर्देश गरेको समेत देखिन्छ।

---

[2] सुमन अधिकारीसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत सने.का.प-२०७३, अंक १०, नि.नं. ९६८९
राजाराम ढकाल वि. प्रधानमन्त्रीको कार्यालयसमेत (ने.का.प २०६० अंक १२ नि.नं. ७२७४)
गोविन्द प्रसाद शर्मा बन्दी वि. महान्यायाधिवक्ता मुक्तिनारायण प्रधानसमेत (ने.का.प २०७० अंक १२ नि. नं ९०९१)
माधव कुमार बस्नेत वि. प्रम तथा मपकासमेत, ने.का.प २०७० अंक १० नि.नं. ९०५१
अधिवक्ता मिरा ढुङ्गानासमेत विरुद्ध प्रधानमन्त्री तथ मन्त्रीपरिषद्को कार्यालयसमेत ने.का.प.२०७२ अंक-३, नि.नं.९५५१

२०. यसै क्रममा संविधान कार्यान्वयन र शान्ति प्रकृयाको बाँकी काम सम्पन्न गर्ने सन्दर्भमा आ.व.२०७३/७४ को बजेट वक्तव्यको पृष्ठ १४ मा प्रकाशित संविधान कार्यान्वयन र शान्ति प्रक्रिया शीर्षकको बुँदा नं.१९ मा, 'द्वन्द्वकालका अयोग्य लडाकुहरु र स्वेच्छिक अवकाशमा गएका लडाकुहरुमध्ये राहत लिन बाँकीलाई रु.२ लाख उपलब्ध गराउनको लागि बजेटको व्यवस्था' गरेकोमा उक्त बजेटले रिट निवेदकहरुको हकमा उचित व्यवस्था नगरी अयोग्य लडाकुहरुलाई दुई लाख रुपैयाँका दरले रकम दिने नेपाल सरकारको निर्णय एवम् व्यवस्थापिका-संसदसमक्ष नेपाल सरकारका अर्थ मन्त्रीले पेश गर्नु भएको बजेट वक्तव्यको बुँदा नं. १९ उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ भनी यिनै रिट निवेदक ज्ञानेन्द्रराज आरणसमेतले यस अदालतमा ०७३-WO-०११२ को रिट निवेदन दायर गरेकोमा यस अदालतबाट मिति २०७८।११।०१ मा विनियोजन ऐन,२०७३ को उक्त व्यवस्था संविधान र कानून विपरित भएको भन्ने निवेदन दावी पुग्न नसक्ने भनी रिट खारेज भएको देखिन्छ।

२१. यसप्रकार, नेपाल सरकारले शान्ति प्रकृयाको अर्थात संक्रमणकालीन न्यायको एउटा पाटोको रुपमा द्वन्दकालका आयोग्य लडाकुलाई समेत मानी निजहरुलाई राहत रकम उपलब्ध गराउने भनी निर्णय गरेको र यसरी अयोग्य लडाकुलाई राहत उपलब्ध गराउनु द्वन्द्व पीडितलाई राहत दिने संक्रमणकालीन न्यायको मान्यता समेत विपरित हुने भनी यस अदालतमा यिनै रिट निवेदक समेतले रिट निवेदन दायर गरेकोमा निवेदन दावी पुग्न नसक्ने भनी यस अदालतबाट यस अघि परेको रिट निवेदन खारेज भएको अवस्था छ। तत्पश्चात् मात्र नेपाल सरकारको आर्थिक वर्ष ०७९/८० को बजेट वक्तव्यको बुँदा नं. ३४५ मा देहायको व्यवस्था राखेको देखिन्छः-

"शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गरिनेछ। संक्रमणकालीन न्यायका अवयवहरू सत्य अन्वेषण, न्याय र परिपूरणका लागि रु.१ अर्ब ४० करोड रुपैयाँ विनियोजन गरिएको र लोकतन्त्र प्राप्तिका लागि विभिन्न राजनीतिक आन्दोलन र

जनयुद्धमा सहभागी भई महत्वपूर्ण योगदान गर्ने योद्धाहरूलाई लोकतान्त्रिक सेनानीका रूपमा सम्मान गरिनेछ"।

बजेटको उपरोक्त व्यवस्थाको कार्यान्वयनको क्रममा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१२।०६ को निर्णयले "प्रमाणिकरण भएका द्वन्द्वकालका अयोग्य लडाकुहरुलाई कार्यविधि बनाई राहत उपलब्ध गराउने" निर्णय भएको र नेपाल सरकार गृह मन्त्रालयबाट "सशस्त्र द्वन्द्वका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" बनाई जारी गरेको देखिन्छ।

२२. रिट निवेदकहरुले प्रस्तुत निवेदनमा द्वन्द्वकालका अयोग्य लडाकुलाई राहत उपलब्ध गराउने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको उल्लिखित निर्णय तथा कार्यविधि समेत बदर गरिपाउँ भनी पुनः मागदावी लिएको देखियो। तर यस अदालतबाट यसै विषयमा यस अघि भएको फैसला तथा नेपालको संवैधानिक र कानूनी व्यवस्था, शान्ति प्रकृयाको ऐतिहासिक विकासक्रम एवम् संक्रमणकालिन न्यायका मूल्य मान्यता समेतका आधारबाट नेपालको शान्ति प्रकृयाको एउटा अवयवका रुपमा रहेको संयुक्त राष्ट्र संघीय नियोग (UNMIN) को प्रतिवेदनमा नाम समावेश भै प्रमाणिकरण हुन नसकेका द्वन्द्वकालका अयोग्य लडाकुलाई संक्रमणकालीन न्याय प्रबन्ध अन्तर्गत कुनै पनि राहत उपलब्ध गराउन नमिल्ने भन्नु न्यायोचित हुने देखिएन।

२३. वस्तुतः परिपूरण (Reparation) लाई संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण अवयवको रुपमा लिइने र तदनुरुप नै नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७३।११।२५ मा गठित कार्यदलको प्रतिवेदनको आधारमा सशस्त्र द्वन्द्वका क्रममा मृत्यु भएका र वेपत्ता पारिएका सबै व्यक्तिका नजिकका हकदारलाई रु. १० लाखसम्म आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको, द्वन्द्वमा घाइते भई नियमित औषधि उपचार गर्नुपर्नेहरूको हकमा, मेडिकल बोर्डको सिफारिसअनुसार बढीमा रु. १ लाखसम्म औषधि उपचार खर्च वापत सोधभर्ना प्रदान गरेको र सशस्त्र द्वन्द्वका क्रममा विस्थापित भएका व्यक्ति र परिवारहरूलाई स्वीकृत निर्देशिकाको मापदण्ड अनुसार, दोहोरो राहत नपर्ने गरी बढीमा रु.

२५,०००/- सम्म राहत उपलब्ध गराउने एवम् सशस्त्र द्वन्द्वका क्रममा सम्पत्ति क्षति, सम्पत्ति कब्जा, वा अपहरणमा परेका व्यक्ति वा परिवारहरूलाई कार्यविधिको मापदण्ड र प्रक्रियाअनुसार बाँकी रहेको आर्थिक सहायता र राहत उपलब्ध गराउने विपक्षी मध्येका प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफबाट निर्णय भएको भन्ने देखिंदा नेपाल सरकारले सशस्त्र द्वन्द्वका क्रममा सम्पत्ती क्षति वा कब्जा भएका, अपहरणमा परेका वा घाइते वा मृतकका आफन्त लगायतका वास्तविक पीडित पक्षलाई न्याय दिने दिलाउने तर्फ कुनै पहल नै नगरी द्वन्द्वकालका अयोग्य लडाकुलाई मात्र राहत उपलब्ध गराउने निर्णय गरेको भन्ने देखिन आएन। साथै, रिट निवेदनमा उल्लेख भएको आर्थिक वर्ष ०७९।८० को बजेट वक्तव्यको बुंदा नं. ३४५ अन्तर्गत छुट्याइएको सबै बजेट द्वन्द्व पीडित एवम् अन्य पक्षहरुलाई राहत उपलब्ध नगराई केवल अयोग्य लडाकुलाई मात्र उपलब्ध गराउने निर्णय गरेको भन्ने अवस्था पनि देखिँदैन।

२४. रिट निवेदकहरुले द्वन्द्वबाट वास्तविक पीडित आफूहरु भएकोमा राज्यले संक्रमणकालीन न्यायको मर्म विपरित पीडक पक्ष अयोग्य लडाकूलाई राहत दिने तर वास्तविक पीडित पक्ष आफूहरुलाई न्याय र परिपूरणको व्यवस्था नगरेको भनी दावी गरेको अवस्था छ। तर अयोग्य लडाकुहरुलाई समेत राज्यले द्वन्द्वरत पक्ष भनी स्वीकार गरेको र यस अदालतबाट समेत सो विरुद्ध दायर रिट निवेदन खारेज भैसकेको अवस्थामा निजहरुलाई राज्यले कार्यविधि बनाई राहत उपलब्ध गराउने भनी गरेको निर्णयलाई अन्यथा भन्न मिलेन। संक्रमणकालीन न्यायको उद्धेश्य नै विगतका पीडादायी घटनाहरुलाई बिर्सेर समाजमा न्याय र मेलमिलापको वातावरण सृजना गर्नु रहेकाले रिट निवेदनमा उठाइएका विषयलाई संक्रमणकालीन न्यायको मुलमर्म समेतको विपरित नहुने गरी विहङ्गम दृष्टिकोणले हेर्न आवश्यक र उचित देखिएको एवम् निवेदकले बदर गर्न माग गरेको निर्णय एवम् कार्यविधि आर्थिक वर्ष ०७९।८० को बजेट कार्यान्वयनका सन्दर्भमा भएको देखिएकोमा उक्त आर्थिक वर्ष नै समाप्त भैसकेको समेत आधार कारणबाट रिट निवेदन माग दावी बमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

२५. तथापि, द्वन्द्वकालका अयोग्य लडाकुको प्रश्न शान्ति प्रकृयाको एक सानो हिस्सा मात्र रहेको र विगतको सशस्त्र द्वन्द्वबाट रिट निवेदकहरु लगायतका हजारौं व्यक्तिहरु विभिन्न चरणमा विभिन्न किसिमले पीडित र प्रभावित भएको सन्दर्भमा सबै द्वन्द्वपीडित तथा द्वन्द्व प्रभावितहरुको सरोकारहरु न्यायोचित ढङ्गले संवोधन गर्नु राज्यको अहम जिम्मेवारी देखिन्छ। द्वन्द्व प्रभावित सबै पक्षको सरोकारको समुचित संवोधन नगरी केवल अयोग्य लडाकुहरुको विषयलाई मात्र संवोधन गर्नु संक्रमणकालीन न्यायको मर्म अनुकुलसमेत नहुने भएकाले अगामी दिनमा सरकारले संक्रमणकालीन न्यायका बाँकी काम कारवाहीहरु गर्दा सत्य अन्वेषण, न्याय र द्वन्द प्रभावित सबै पक्षको परिपूरणको न्यायोचित प्रबन्ध गर्ने गरी आवश्यक र उपयुक्त व्यवस्था गर्नु भनी विपक्षीहरुका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

२६. यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिनू। फैसलाको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरीं बुझाईदिनू।

(डा.नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा म सहमत छुः

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

इजलास अधिकृत: सदिक्षा नेपाल

कम्प्युटर अपरेटर: कृष्ण गिरी

इति संवत् २०८१ साल बैशाख १७ गते रोज २ शुभम्..................।